आज मिति २०८१ वैशाख २८ गते [stamp] बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ३६०७ (छत्तिसौं) औं बैठक को उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | | श्री गुमानसिंह अर्याल |
| उप प्रमुख | | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं. | १, | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " | २, | श्री मदन बहादुर राना |
| " " " | ३, | श्री चित्र बहादुर दर्नाई |
| " " " | ४, | श्री राम बहादुर गुरुङ |
| " " " | ५, | श्री इन्द्र बहादुर गुरुङ |
| " " | ६, | श्री प्रकाश थापा |
| " " " | ७, | श्री ऋषिराम बस्नेत |
| " " " | ८, | श्री पवित्रा थापा राना |
| " " " | ९, | श्री खुसीजंग गुरुङ |
| " " " | १०, | श्री गंगा बहादुर थापा |
| " " " | ११, | श्री शिव प्रसाद जोशी |
| " " " | | श्री हिरालाल विश्वकर्मा |
| " " " | | श्री श्रीनाथ दुलाल |
| " " " | | श्री कल्पना थापा बोहरा |
| " " " | | श्री विमला न्यौपाने अधिकारी |
| " " " | | श्री सुकमाया गुरुङ |
| " " " | | श्री सुकमाया घर्ती |
| " " " | | श्री मनिता परियार |

सहजकर्ता कर्मचारीको उपस्थिति

शाखा प्रमुख, योजना /प्रशासन - श्री शम्भु प्र. घिमिरे
" " , सामाजिक विकास - श्री मेघेन्द्र पोखरेल

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/२८ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/०१/२८ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. आगामी बजेटका सिद्दान्त र प्राथमिकताहरुको सम्बन्धमा ।
३. प्राकृतिक श्रोत उपयोग कर(ढुंगा गिटी बालुवा) को सम्बन्धमा ।
४. योजना तथा कार्यक्रम संशोधन/ब्रेक डाउन सम्बन्धमा ।(वडा नं ८, ३, ५,११, ४. ६ र २)
५. कार्यसुची (Terms of refrence ) स्वीकृत सम्वन्धमा ।
६. बालबालिकाको रणनीतिक कार्ययोजना स्वीकृत सम्बन्धमा ।
७. जानकारी/कार्यान्वयन सम्बन्धमा ।
   - बालबालिका शान्तिक्षेत्र राष्ट्रीय अभियान/बालबालिका सम्बन्धी
   - राष्ट्रीय मानव अधिकार आयोग/अपाङ्गता अधिकार सम्बन्धी
   - सङ्घीय मामिला मन्त्रालय/ निर्माण कार्य सम्बन्धी सुझाव कार्यान्वयन सम्बन्धमा
   - जिल्ला प्रशासन कार्यालय/जिल्ला कारागार मर्मत सुधार
८. विविध
   - प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम (TVET) मूल समिति गठन सम्बन्धमा ।
   - मायाको चिनो सम्बन्धमा ।
   - जन्मदर्ता शिविर सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८१/०१/१२ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : आगामी बजेटका सिद्दान्त र प्राथमिकताहरुको सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको आगामी आ.व.२०८१/०८२ का बजेटका सिद्दान्त र प्राथमिकता देहाय वमोजिम रहेको निर्णय गरियो।

देहाय:

१. "हामी सवैको रहर-सभ्य र समृद्ध बेसीशहर"को नारालाई सार्थक बनाउन मद्धत पुग्ने खालका योजना तथा कार्यक्रममा प्राथमिकता दिने ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/२८ गतेको बैठक

- सभ्यताका सूचकहरुः शिक्षा, स्वास्थ्य र सरसफाई, वातावरणीय पक्षमा ध्यान, नियमकानूनको पालना, सामाजिक दायित्व पुरा गर्ने, नैतिकवान व्यवहार, फोहरमैला व्यवस्थापन, मानवीय विकास ।
- समृद्दिका सूचकहरुः आम्दानी रोजगार, सुरक्षित र सुविधाजनक पूर्वाधारको उपयोग, सीप विकास, जीवनस्तर सुधार, विकल्पहरुको विस्तार, प्रतिव्यक्ति आय, उत्पादनमा बृद्दि ।

२. बजेटको क्षेत्रगत प्राथमिकता देहाय वमोजिम रहनेछ ।

| | |
|---|---|
| सडक यातायात क्षेत्र | पर्यटन क्षेत्र |
| कृषि/पशु विकास क्षेत्र | शिक्षा क्षेत्र |
| स्वास्थ्य क्षेत्र | सीप विकास र स्वरोजगार |
| सेवा प्रवाह | |

३. दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न सहयोग पुर्याउने खालका योजना तथा कार्यक्रम छनौट गर्न प्राथमिकता दिने ।

४. सार्वजनिक खर्चको विनियोजनमा कुशलता बृद्दि गर्ने । आयोजना तथा कार्यक्रमलाई थप प्राथमिकीकरण गर्ने ।

५. नगरपालिकाको आवधिक योजना, संघीय १६ औ योजनाको अवधारणा पत्र , प्रदेशको दोश्रो पञ्चवर्षिय योजनाको अवधारणा पत्रलाई आधार मानी योजना तर्जुमा गर्ने ।

६. विगत वर्ष र चालु आवमा अधुरा रुपमा रहने विकास निर्माणका कार्यहरुलाई सम्पन्न गर्ने गरी नीति, कार्यक्रम तथा बजेट ल्याइने ।

७. नगर यायातात गुरुयोजना वमोजिम बर्गिकरण गरिएका सडकहरुको स्तरोन्नतिको लागि नीति तथा कार्यक्रममा प्राथमिकता दिइने ।

८. नगरपालिकाले संघीय र प्रदेश सरकार, नीजि क्षेत्र तथा स्थानीय समुदाय र उपभोक्ताहरुसंगको सह लगानीमा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने ।

९. नगरबासीहरुले प्राप्त गर्ने आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने तथा विपन्न नागरिकहरुको स्वास्थ्योपचारमा सहयोग पुग्ने गरी नीति तथा कार्यक्रममा प्राथमिकता दिने ।

१०. युवाहरुलाई रोजगारी सिर्जना हुन सक्ने विभिन्न किसिमका सीपमूलक तथा उद्यमशिलता कार्यक्रममा सहभागी गराउन प्राथमिकता दिने ।

११. आर्थिक विकासको मुख्य आधार कृषि तथा पशुपालन भएकोले उत्पादन लागत घटाउने तथा कृषिलाई नाफामूलक, व्यवसायमूलक तथा सम्मानित व्यवसायको रुपमा स्थापित गराउने खालका कार्यक्रममा प्राथमिकता दिने ।

१२. पर्यटन क्षेत्रको विकासमा योगदान पुग्ने गरी वजेट विनियोजनमा प्राथमकिता दिने ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/२८ गतेको बैठक

१३. बैदेशिक रोजगार छाडी स्वदेश फर्किएर स्वदेशमै कृषि, साना तथा घरेलु उद्योग, मझौला उद्योग मार्फत रोजगारी सिर्जना गर्न चाहने युवाहरुलाई लक्षित गरी विशेष वजेटको व्यवस्था गर्ने ।

१४. सवै बालबालिकाहरुले आधारभूत र माध्यमिक विद्यालयसम्मको गुणस्तरीय शिक्षालाई पुरा गर्न सक्ने वातावरण तयार गर्ने कुरालाई प्राथमिकता दिने ।

१५. लैंगिक समानता तथा सामाजिक समावेशीकणतर्फका कार्यक्रमहरुलाई उपलब्धीमूलक बनाउन प्राथमिकता दिने ।

१६. आधारभुत खानेपानी र सरसफाई सेवामा सबै नागरिकको सहज र सरल पहुच पुर्याउने गरी वजेटमा व्यवस्था गर्ने ।

१७. सेवा प्रवाह,सुशासन, आर्थिक पारदर्शिता, वित्तीय व्यवस्थापन, जवाफदेही शासन प्रबर्द्दनका लागि वजेटमा व्यवस्था गर्ने । सेवा प्रवाहलाई थप चुस्त, प्रभावकारी, मितव्ययी र प्रविधिमैत्री बनाउने ।

१८. नगरपालिका क्षेत्र भित्रको फोहरमैलाको उचित व्यवस्थापन तथा बातावरण संरक्षण र सम्बर्दन गर्ने गरी वजेट विनियोजन गर्ने ।

१९. कर सचेतना कार्यक्रम, करमैत्री बातावरण सिर्जना गर्दै करको दायरा बृद्धि गरिने र यसका लागि वजटेमा व्यवस्था गर्ने ।

<u>निर्णय नं ३: प्राकृतिक श्रोत उपयोग कर(ढुंगा गिटी बालुवा) को सम्बन्धमा ।</u>

**१.ठेक्का नलागेका घाटहरुमा जम्मा भएको वालुवा उत्खनन्को लागि परेको निवेदन सम्बन्धमा**

बेसीशहर नगरपालिकाको मिति २०८१।१।११ को राजश्व परामर्श समितिको बैठकको निर्णय नं. ३ तथा मिति २०८१।०१।१२ कार्यपालिकाको बैठकको निर्णय नं. १२ को निर्णयानुसार तेस्रो पटकसम्म सूचना प्रकाशन गर्दा समेत ठेक्का नलागेका तपसिल बमोजिमका घाटहरुमा जम्मा भएको नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री कार्यका लागि यस कार्यालयको मिति २०८१।०१।१३ मा प्रकाशित सूचना अनुसार पर्न आएका तपसिलका ब्यक्तिहरुलाई यस कार्यालयको प्रत्यक्ष निगरानीमा आईईई प्रतिवेदनमा उल्लेख भएको परिमाणभन्दा बढी नहुने गरी माग गरेको परिमाणको लाग्ने राजश्व र सम्पूर्ण करहरु अग्रीम जम्मा भएपछि मात्र उत्खनन् तथा संकलनको अनुमति दिने निर्णय गरियो ।

<u>तपसिलः</u>

| क्र. सं. | निवेदक | ठेगाना | स्थान | संकलन परिमाण | रकम | भ्याट १३% | आयकर १.५% | जम्मा लाग्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | गोविन्द बस्नेत जयश्री कालिका मिनि क्रसर उद्योग | बेसीशहर २, लमजुङ | गैरी क्याम्पस मुनी खण्ड क र ख | ३००० | ९५२७४९ | १२३८५७ | १२४३३ | १०८९०४० |
| २ | श्रीकृष्ण रिमाल कृष्ण निर्माण सवा | बेसीशहर ६ | गाइखेरे झरना अगाडि खण्ड क, ख र ग | ३००० | ९५२७४९ | १२३८५७ | १२४३३ | १०८९०४० |
| ३ | श्री सर्मिला श्रेष्ठ | बेसीशहर ७ | गैरी क्याम्पस मुनी तथा छहरा अगाडिको भाग | ५००० | १५८७९१५ | २०६४२९ | २०७२२ | १८१५०६६ |

गुमानि सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/२८ गतेको बैठक

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | श्री निर्मलजंग घले | बेसीशहर ७ | गैरी क्याम्पस मुनी तथा छहरा अगाडिको भाग | २००० | ६३५१६६ | ८२५७२ | ८२८९ | ७२६०२६ |
| ५ | श्री सुरेन्द्रकुमार दोङ | सुनापति गापा ६, रामेछाप | आर्मी ब्यारेक मुनी वडा नं. १ र ११ | ५००० | १५८७९१५ | २०६४२९ | २०७२२ | १८१५०६६ |
| | | | जम्माः | | ५७,१६,४९४ | ७४३१४४ | ७४६०० | ६५,३४,२३८ |

**२.आ.व. २०७९।८० मा लगाएको ठेक्का मध्ये ठेक्का नं. १५, १६, १७ र १८ को घाटहरुमा बढी उत्खनन् भएको वालुवा सम्बन्धमा ।**

यस कार्यालयले आ.व. २०७९।८० मा लगाएको आय ठेक्का मध्ये ठेक्का नं. १५, १६, १७ र १८ का घाटहरुमा यस कार्यालय र सम्बन्धित ठेकेदारहरुबीच भएको सम्झौतामा निजहरु वा निजहरुले खटाएका प्रतिनिधिहरुबाट तोकिएको परिमाणभन्दा बढी उत्खनन् भएको पाइएकोले उक्त बढी उत्खनन् तथा संकलन भएको वालुवाको लाग्ने तपसिल बमोजिमको राजश्व र सम्पूर्ण करहरु बुझाएमा मात्र निर्णय नं. १ मा उल्लेख भएअनुसार यस नगरपालिकाको मिति २०८१।०१।१३ मा प्रकाशित सूचना बमोजिम निजहरुले दिएको निवेदन सम्बन्धमा नियमानुसार उत्खनन् तथा संकलनको अनुमति दिने प्रकृयाको लागि पेश गर्ने, अन्यथा सो बमोजिम नभएमा निजहरु र निजहरुका तर्फबाट गर्ने गरी कुनै पनि अख्तियार प्राप्त ब्यक्ति वा प्रतिनिधिलाई समेत कुनैपनि स्थानको नदीजन्य पदार्थ संकलन तथा विक्रीको अनुमति नदिने निर्णय गरियो ।

<u>तपसिलः</u>

| क्र.सं. | ठेक्का नं. | वालुवा रहेको घाट वा स्थान | फर्म वा कम्पनीको विवरण | सहमतिमा वालुवा निकाल्ने ब्यक्ति/प्रतिनिधि | ठेक्का सम्झौता अनुसारको घनमिटर | बढी निकालेको परिमाण | बुझाउनु पर्ने लागत रकम | मूल्य अभिबृद्धि कर (भ्याट १३%) | अग्रीम आय कर (१.५%) | जम्मा बुझाउनु पर्ने राजश्व रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५ | छहरा मुनी वारीपट्टीको भाग (वडा नं. १) | श्री आशिष निर्माण सेवा, बेसीशहर ३, लमजुङ (प्रो.श्री निर्मला श्रेष्ठ) | श्री निर्मलजंग घले हालः बेसीशहर ७, लमजुङ | ७९२० | १३४५७।१ | ३३,२३,३६५।४२ | ४,३२,०३७।५० | ४३,३६९।९२ | ३७,९८,७७२।८४ |
| २ | १६ | क्रसर उद्योग मुनी (वडा नं.१) | श्री राजा कन्स्ट्रक्सन, बेसीशहर ७, लमजुङ । (प्रो.श्री राजाराम प्रधान) | श्री राजाराम प्रधान हालः बेसीशहर ७, लमजुङ | १९२०० | ९०९२।९२ | २२,४५,५८७।५२ | २,९१,९२६।३८ | २९,३०४।९२ | २५,६६,८१८।८२ |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/२८ गतेको बैठक

| क्र. सं. | ठेक्का नं. | वालुवा रहेको घाट वा स्थान | फर्म वा कम्पनीको विवरण | सहमतिमा वालुवा निकाल्ने ब्यक्ति/प्रतिनिधि | ठेक्का सम्झौता अनुसारको घनमिटर | बढी निकालेको परिमाण | बुझाउनु पर्ने लागत रकम | मूल्य अभिबृद्धि कर (भ्याट १३%) | अग्रीम आय कर (१.५%) | जम्मा बुझाउनु पर्ने राजश्व रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | १७ | कडेनी खण्ड (वडा नं. ११) | श्री रत्नदेवी कन्स्ट्रक्सन एण्ड विल्डर्स,बेसीशहर ८, लमजुङ (प्रो.श्री कमलप्रसाद गुरुङ) | श्री गोविन्द बस्नेत बेसीशहर ७, लमजुङ | ३२४० | - | - | - | - | - |
| ४ | १८ | चेपाङ्गटार मुनी (वडा नं. ११) | श्री रत्नदेवी कन्स्ट्रक्सन एण्ड विल्डर्स,बेसीशहर ८, लमजुङ (प्रो.श्री कमलप्रसाद गुरुङ) | श्री गोविन्द बस्नेत बेसीशहर ७, लमजुङ | ९००० | | | | | |
| | | | | **ठेक्का नं. १७ र १८ को जम्मा** | १२२४० | ४७४९ \|०२ | ११,७२,८१८ \|९७ | १,५२,४६६ \|४७ | १५,३०५ \|२९ | १३,४०,५९० \|७२ |
| | | | | **कूल जम्मा राजश्वः** | | | ६७,४१,७७१ \|९१ | ८,७६,४३० \|३५ | ८७,९८० \|१२ | ७७,०६,१८२ \|३८ |

<u>निर्णय नं ४:</u> <u>योजना तथा कार्यक्रम संशोधन/ब्रेक डाउन/एकिकरण सम्बन्धमा ।</u>

चालु आ.व. २०८०/०८१ का देहायका आयोजना तथा कार्यक्रमलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन/एकिकरण गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.प्रगतिटोल,कपुरिश्वर टोल, विनायक टोल, नारायणस्थान भित्री भाग गमला बेनपा-८ | ५००००० | १.गमला राख्ने प्रयोजनको लागि देहाय अनुसारः बेनपा-८ | १५०००० |
| | | १.१ कपुरिश्वर टोल विकास संस्था | १५०००० |
| | | १.२ विनायक टोल विकास संस्था | १५०००० |
| | | १.३ प्रगतिटोल टोल विकास संस्था | १५०००० |

गुमान सिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/२८ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | १.४ नारायणस्थान टोल विकास संस्था | ५०००० |
| २.दलित तथा विपन्न छात्रछात्रालाई प्रोत्साहन,स्टेशनरी र पोशाक वितरण. बेनपा-३ | ५००००० | २.१लमजुङ मा.वि. हिरक जयन्ती कार्यक्रम खर्च, बेनपा ३<br>२.२ गर्भवती महिलालाई पोषण सामाग्री वितरण तथा २ बर्ष मुनिका बालबालिकालाई सरसफाई सामाग्री वितरण, बेनपा-३<br>(२०८०/१०/०९ को नि. नं १२ (१) को नाम संशोधन भएको) | २०००००<br>५०००० |
| ३.बौद्द मिलन प्रा.वि. व्यवस्थापन खर्च, बेनपा-५ | १००००० | ३.बौद्द मिलन प्रा.वि.कम्प्युटर तथा प्रिन्टर खरिद, बेनपा-५ | १००००० |
| ४.१.भेटेनरीनरी औषधी खरिद,बेनपा-५<br>४.२ भेटेरीनरी प्रयोगशाला सामाग्री खरिद, बेनपा-५ | ५००००<br>४०००० | ४. भेटेनरीनरी औषधी तथा सामाग्री खरिद, बेनपा-५ | ९०००० |
| ५. कृषि/पशु सामाग्री व्यवस्थापन, विऊ विजन वितरण, सीपमूलक तालिम, बेनपा-११ | ३००००० | ५.वडास्तरीय कृषि समितिसंग भएको सम्झौता वमोजिमको कार्य, बेनपा-११ (यस शिर्षकमा रु. ५० हजार खर्च भै सकेको हुँदा, नपास्तरीय कृषितर्फको फलफूल खेती प्रवर्द्दन शिर्षकबाट रु. ५० हजार थप गर्ने गरी) | ३००००० |
| ६.वडा कार्यालय मर्मत, बेनपा- ४ | ५००००० | ६.डाँडागाउँ-गढी सडक स्तरोन्नति बेनपा-४ (बजेट थप गरिएको) | ५००००० |
| ७.वडा पशु विकास अन्तर्गत तालिम तथा अन्य, बेनपा-६ | ५०००० | ७. वडा कार्यालय पार्टीसन, बेनपा-६ | ५०००० |
| ८.सुत्केरी महिला पोषण कार्यक्रम, बेनपा-६ | ५०००० | ८.मानेस्वाँरा खानेपानी निर्माण, बेनपा-६ | ३५००० |
| ९.चालिसेबाट क्षेत्री समाज जाने सडक, बेनपा-२ | ४००००० | ९.खहरेखोला र न्याउलीखोलामा पुल निर्माण, बेनपा-२<br>(वडास्तरीय योजना (क्र.स ४२) मा बजेट थप गरिएको | ४००००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/२८ गतेको बैठक

**निर्णय नं ५: कार्यसुची (Terms of refrence ) स्वीकृत सम्वन्धमा ।**

कार्यालयद्वारा तयार गर्न लागिएको औधोगिक ग्रामको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) कार्यको लागि बेसीशहर नगरपालिकाको संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण कार्यविधि,२०७७ को परिच्छेद २ दफा ४ अनुसार कार्यसूची स्वीकृत गर्नुपर्ने हुँदा सोहि कार्यविधिको अनुसूची ४ बमोजिमको ढाँचामा परामर्शदातावाट पेश हुन आएको कार्यसूची स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं ६: बालबालिकाको रणनीतिक कार्ययोजना स्वीकृत सम्बन्धमा ।**

वर्ल्ड भिजनको सहयोग र बेसीशहर नगरपालिकाको समन्वय र सहभागितामा निर्माण भएको "बालबालिकाको लागि बेसीशहर नगरपालिकाको पञ्च वर्षिय रणनीतिक कार्ययोजना(२०८०-२०८४)" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ७: जानकारी/कार्यान्वयन सम्बन्धमा ।**

देहायका निकायहरुबाट देहायका विषयमा यस नगरपालिकालाई पत्रमार्फत प्राप्त भएका सुझाव/ध्यानाकर्षण/अनुरोधबारे यस बैठकमा जानकारी प्राप्त भयो साथै कतिपय विषयहरु कार्यान्वयनमा गैसकेका र गर्न बाँकी रहेका कतिपय विषयहरु आगामी दिनमा क्रमशः कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| पत्र सम्प्रेषित गर्ने निकाय | विषय | व्यहोरा |
|---|---|---|
| १.बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान | ध्यानाकर्षण सम्बन्धमा । | आगामी आ.व.को नीति कार्यक्रम र बजेटमामा बालअधिकार, संरक्षण र प्रवर्द्दनका विषयहरु समावेश गर्ने । |
| २.राष्ट्रिय मानव अधिकार आयोग | अपाङ्गता समावेशी वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा । | २.बार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा अपाङ्गता भएका व्यक्ति र यस सम्बन्धी संघसंस्थाहरुको सहभागिता सुनिश्चित गर्ने र यस सम्बन्धी विभिन्न कार्यक्रमहरु गर्ने । |
| ३.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सुझाव कार्यान्वयन सम्बन्धमा | कडा चट्टान भएको जटिल प्रकृतिको निर्माण कार्यमा ठेक्का प्रणाली मार्फत गर्ने र उपभोक्ता समितिले मेशिनको प्रयोग गर्नु नै पर्ने भएमा सिफारिश लिने । |
| ४.जिल्ला प्रशासन कार्यालय, लमजुङ | बजेट व्यवस्था सम्बन्धमा | कारागार लमजुङको पुर्वाधार मर्मत तथा पुनर्निर्माणको लागि सहयोग गर्ने । |

**निर्णय नं ८: प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम (TVET) मुल समिति गठन सम्बन्धमा ।**

स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम (TVET) सञ्चालनको लागि यस बेसीशहर नगरपालिकामा गठन भएको TVET सञ्जाल सञ्चालनको मूल समितिको सदस्यमा रोजगारदाताहरुमध्येबाट

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०१/२८ गतेको बैठक

३ जना रोगगारदाताहरु छनौट गर्नुपर्ने भए वमोजिम देहायका रोजगारदाता व्यक्तिहरु सदस्यमा छनौट गरिएको व्यहोरालाई समर्थन गर्ने निर्णय गरियो ।

देहाय:

१.श्री रामकुमार श्रेष्ठ-होटल टुकुचे पिक, बेसीशहर नपा-८

२.श्री भवानी रिमाल, रिमाल दालमुठ उद्योग, बेसीशहर नपा-७

३.श्री विकास श्रेष्ठ, मोनिका इन्टरप्राइजेज, बेसीशहर नपा-७

निर्णय नं ९: मायाको चिनो सम्बन्धमा ।

बेसीशहर नगरपालिकामा भेटघाट, अध्ययन अवलोकन तथा अन्य कार्यको लागि अतिथिको रुपमा पाल्नु हुने महानुभाव तथा संघसंस्थाहरुलाई सम्झनास्वरुप प्रदान गर्न बेसीशहर नगरपालिकाको महत्व, पहिचान र गौरव झल्कने खालको मायाको चिनो तयार गर्ने निर्णय गरियो।

निर्णय नं १० : जन्मदर्ता शिविर सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ११ मा यही मिति २०८१/०२/०६ गतेका दिन जन्मदर्ता सम्वन्धी शिविर सञ्चालन गर्ने र सो कार्यमा नगरपालिकाको कार्यालयबाट आवश्यक सहयोग पुर्याउने निर्णय गरियो।

गुमान सिंह अर्याल
नगर प्रमुख